नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १४३ २०८० साल पुस २१ गते शनिबार (6 Jan. 2024 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र :* २ पृष्ठमा : दश हजार मेगावाट बिजुली... ३ पृष्ठमा : बीस करोडका योजनामा नेपालको... ३ पृष्ठमा : जापानमा भूकम्पमा ...

# निर्माण व्यवसायीहरुको निर्वाचन माघ ६ गते




**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

निर्माण व्यवसायी संघ सप्तरीको १३ औं वार्षिक साधारण सभा एवं अधिवेशनको उद्घाटन समारोह शुक्रबार सम्पन्न भएको छ ।

संघका वर्तमान अध्यक्ष एनेश्वर दासको अध्यक्षता तथा निर्माण व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष रबि सिंहको प्रमुख आतिथ्यमा आयोजित समारोहमा महासंघका प्रथम उपाध्यक्ष एडी लामा, महासचिव रोशन दाहाल, नीतिगत उपमहासचिव शिवहरी घिमिरे, मधेश प्रदेश उपाध्यक्ष कैलाश प्रसाद यादव, उधोग बाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधान, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, जनमतका जिल्ला इन्चार्ज रामगमन साह, जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिव नारायण साह लगायतले निर्माण व्यवसायीले भोग्नु परिरहेको पीडा समाधानका लागी राज्यले पहल गर्नू पर्नेमा जोड दिदै साधारण सभाको सफलताको शुभकामना दिए ।

कार्यक्रममा विभिन्न क्षेत्रका योगदान पुऱ्याए बापत संघको मधेश प्रदेश उपाध्यक्ष कैलाश प्रसाद यादव, संघको संस्थापक अध्यक्ष देवेन्द्र जोशी तथा पुर्व अध्यक्ष कामेश्वर लाल देवलाई प्रमुख अतिथी सिहले कदर पत्रबाट सम्मान गरिएको छ ।

यसैबीच सम्पन्न अधिवेशनले निर्वाचन मितिको टुङ्गो लगाएसंगै चुनावी सरगर्मीले निर्माण ब्यवसायी बीच माहोल तातेको हो । अगामी तीन वर्ष कार्यकालका लागी नयाँ नेतृत्वको चयन गर्ने भएकाले निर्माण व्यवसायीमा चुनावी सरगर्मीले माहोल तातेको छ ।

साधारण सभाले पुस २७ गते मनोनयन पत्र दर्ता तथा माघ ६ गते शनिवार निर्वाचन मिति तोकेको छ । संघमा करिब ३ सय ५० मतदाता छन । निर्वाचनका लागि संघका पूर्व अध्यक्ष रामअशिष प्रसाद साहको संयोजकत्वमा राजकुमार परियार र मो.फैयाज अंसारी सदस्य रहने गरी तीन सदस्यीय निर्वाचन समिति समेत गठन गरिएको छ । उक्त निर्माण समितिमा कानूनी सल्लाहकारमा सतिष कुमार दत्त रहेको संघले जनाएको छ ।

अध्यक्षसहित २१ पदका लागी हुने निर्वाचनको आवश्यक तयारी सुरु गरिसकेको वर्तमान अध्यक्ष एनेश्वर दासले बताए । उनले सदस्यता नविकरणका लागी पुसा २३ गते सम्म अन्तिम म्याद राखिएको र सो पछी आउनेको नविकरण नगरिने निर्णय भएको जानकारी पनि दिए ।

निर्वाचन समितीका संयोजक रामअषिश साहले निर्वाचनका लागी उम्मेदवारले पुस २७ गते मनोनयन पत्र दर्ता गराउने कार्यतालिका तय गरिएको जानकारी दिए । साधारण सभाको उदघाटन गर्दै प्रमुख अथिति नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष सिंहले निर्माण व्यवसायीको पेशागत हकहितका लागी मिलेर जानु पर्ने नै उपयुक्त हुने र यसका लागी सर्वसम्मत र सहमतीबाट नयाँ नेतृत्व चयन गर्नु पर्नेमा जोड दिए पनि सहमतिको सम्भावना भने न्यून रहेको र निर्वाचनबाटै यसको टुङ्गो लाग्ने लगभग निश्चित रहेको निर्वाचन गतिविधीलाई नजिकबाट नियाली रहेका निर्माण व्यवसायीहरु बताउँछन ।

नयाँ नेतृत्व कसलाई दिने भन्ने विषयमा चर्चा र छलफल चलिरहेकै बेला वर्तमान प्रथम उपाध्यक्ष सतिष चन्द्र मिश्र, द्वितीय उपाध्यक्ष संतोष दास, महासचिव अमृतलाल साह र अघिल्लो निर्वाचनमा महासचिवका प्रत्याशी रहेका भोगेन्द्र मिश्रले आफू यस पल्ट अध्यक्ष पदका लागी उम्मेदवार बन्ने घोषणा सहित सक्रियता बढाएका छन् ।

मनोनयन दर्ताका दिन सम्म यस बाहेकका थप अध्यक्ष पदका नयाँ अनुहार पनि देखिन सकिने सम्भावना रहेको जानकारहरु बताउँछन् । सबैले निर्माण व्यवसायीले भोग्नु परिरहेको समस्या समाधान, संघलाई साझा संगठन बनाउने तथा निर्माण व्यवसायीको पेशागत हकहित र सम्मानका लागी काम गर्ने प्रतिबद्धता निर्माण व्यसायीहरु माझ राख्ने गरेका छन् ।

# अस्पताल संचालनको विषयमा विवाद हुँदा एकको मृत्यु



**दैनिक समाचारदाता**
**सर्लाही, २० पुस ।**

सर्लाहीको बरहथवामा नगर अस्पताल सञ्चालनको विषयमा विवादपछि झडप हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बरहथवा नगरपालिका वडा नं. ६ का २७ वर्षीय जयशंकर साहको मृत्यु भएको प्रहरीले जनाएको छ ।

नगर अस्पतालको भवनको स्वामित्वको विषयमा असन्तुष्ट स्थानीयले शुक्रबार विहान नगरपालिका कार्यालय घेराउ गरेपछि प्रहरीसंग झडप भएको हो । अस्पताल भवन मधेस प्रदेश सरकारले चलाउने की नगरपालिकाले भन्ने विषयमा विवाद भएको हो ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले स्थानीयवासी र प्रहरीबीच भएको झडपमा परी साहको मृत्यु भएको जनाएका छन् ।

स्थानीय वासिन्दाले नगर अस्पताल नगरपालिकाले नै चलाउनुपर्ने माग गर्दै आएका छन् । प्रदर्शन

*बाँकी अन्तिम पृष्ठमा*

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- ➢ जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- ➢ न्यानो कपडा लगाऔं,
- ➢ घर तथा कोठा न्यानो बनाऔं,
- ➢ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- ➢ बालबालिकालाई तेल मालिस गरिदिऔं,
- ➢ बढी चिसोमा मर्निङ वाक नगरौं,
- ➢ चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- ➢ दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सतर्कता अपनाऔं

चार वर्षअघि विश्वको सम्पूर्ण क्षेत्रलाई तहसनहस पारेको कोरोना महामारी पुनः छिमेकी मुलुक भारतमा बढ्दै गएको छ। कोरोनाको त्रास पुनः छिमेकी मुलुक भारतमा बढ्दै जादा नेपालमा पनि यसप्रति सर्तकता अपनाउन स्वास्थ्य मन्त्रालयले अनुरोध गरेको छ। नेपाल भारतको छिमेकी राष्ट्र भएकोले यहाँ पनि महामारी फैलिन सक्ने सम्भावना रहेको छ। भारतसँग जोडिएका सीमानाकाहरु खुल्ला नै रहेको छ। नेपाल र भारत आवतजावत यहाँका जनताहरु बिना रोकटोक दिनहुँ गरिरहेका हुन्छन्। यस्तो अवस्थामा नेपालीहरु पनि कोरोना महामारी फैलिन नदिन सतर्कता अपनाउन अति आवश्यक छ।

हाल नेपालमा कोरोना संक्रमित नभेटिएपनि अहिले देखी नै सबै सचेत हुनु आवश्यक छ। यसरी कोरोनाको महामारी पुनः बढ्दै गएको बेला सरकारले अपील गरेको स्वास्थ्य मापदण्ड अपनाउनुका साथै आफै पनि सतर्कता अपनाउनु अत्यन्त आवश्यक छ। मास्कको अनिवार्य प्रयोग गर्नु र मानिस मानिसमा दुरी कायम गर्न सकिए महामारीबाट केही राहत पाउन सकिन्छ।

तसर्थ आजैदेखी सबैले सरकारी स्वास्थ्य मापदण्डको पालना गर्ने तर्फ गम्भिर बनौं र कोरोना महामारीप्रति सतर्क रहौं।

# दश हजार मेगावाट बिजुली बिक्रीबाट नेपालले प्राप्त गर्न सक्छ वार्षिक रु नौ खर्ब

**रमेश लम्साल**
काठमाडौँ, २० पुस (रासस)।

नेपाल र भारतबीच ऊर्जा क्षेत्रमा भएको सम्झौताले नेपालको बिजुलीले भारतको विशाल बजारमा सहज प्रवेश पाउने भएको छ। बर्षा याममा खेर जाने बिजुलीले पनि बजार पाउने तथा लगानी विस्तार हुने भएकाले सरकारी तथा निजी क्षेत्रमा पनि एक प्रकारको उत्साहको सञ्चार गरेको छ।

मुलुकको चुलिँदो व्यापार घाटालाई कम गर्ने उपयुक्त माध्यमका रूपमा बिजुली व्यापारलाई लिइएको छ। नेपालको प्रचूर ऊर्जा क्षेत्रमा प्रविधि र लगानी जरुरी छ। कानुनी एवम् संरचनागत सुधार जरुरी रहेको विषयलाई निजी क्षेत्रले प्राथमिकतामा राख्दै आएको छ।

भौतिक विकास निर्माणमा खासगरी, वन क्षेत्रको जग्गा प्रयोग, जग्गा प्राप्ति तथा कानुनी उल्झन बेहोर्दै आएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका शब्दका प्रसारण लाइनको एउटा टावर निर्माण गर्नु नै एउटा आयोजना निर्माण गर्नु सरह छ।

निर्माणाधीन प्रसारण लाइनहरू अधिकांश समस्यामा छन्। कतै निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन, कतै स्थानीयको अवरोध, अन्तर सरकारी निकायबीच समन्वयनको अभाव पनि नेपालको ऊर्जा क्षेत्रको साझा समस्याका रूपमा चित्रित छ।

बिहीबार नेपाल र भारतबीच आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्नेसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको छ। गत जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गर्नुभएको भारत भ्रमणका क्रममा उक्त सहमतिपत्रको प्रारम्भिक मस्यौदामा हस्ताक्षर भएको थियो।

परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल भ्रमणमा आउनुभएका उहाँका भारतीय समकक्षी डा एस जयशङ्करको उपस्थितीमा दुई देशका ऊर्जा सचिवले सहमतिपत्र आदान प्रदान गर्नुभएको थियो। सहमतिपत्रमा भने ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितीमा सिंहदरबारमा हस्ताक्षर भएको थियो। उक्त सहमतिसँगै नेपालले सहज रूपमा आफ्नो उत्पादन भारतीय बजारमा पठाउनका लागि मार्गप्रशस्त भएको छ। ऊर्जामन्त्री बस्नेतले बिहीबार भएको सहमतिलाई एउटा 'ब्रेक थ्रू'को संज्ञा दिँदै अब कार्यान्वयन पक्षलाई सबल बनाउनुपर्ने बताउनुभयो।

चरम ऊर्जा सङ्कटबाट पार पाएर नेपाल पछिल्ला दिनमा ऊर्जा निर्यात गर्ने देशका रूपमा स्थापित भएको छ। पछिल्लो एक वर्षमा दैनिक झण्डै सात सय मेगावाट बराबरको बिजुली निर्यात गर्न सफल भएको छ। सरकारको सार्थक पहलका कारण ऊर्जा क्षेत्रले गुणात्मक फड्को मारिरहेको सन्दर्भमा बजारको सुनिश्चिततासँगै लगानी विस्तार हुने निजी क्षेत्रको भनाइ छ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का वरिष्ठ उपाध्यक्ष मोहन डाँगीका अनुसार बिहीबार दुई देशबीच भएको सम्झौता ऐतिहासिक हो। "असाध्यै महत्वपूर्ण सम्झौता भएको छ। यसले लगानी विस्तारका लागि मार्गप्रशस्त भएको छ। अब सरकारले नीतिगत रूपमा रहेका समस्या समाधान गरेर थप सहज वातावरण बनाइदिनुपर्छ", उहाँले भन्नुभयो, "बर्षाका समयमा कोटाका आधारमा बिजुली उत्पादन गर्ने आयोजनाले समेत अब राहत पाउनेछन्।"

एक वर्षमा बिजुली बिक्री गरेर रु १५ अर्ब २७ करोड बराबरको विदेशी मुद्रा आर्जन भएको छ। यसले पनि नेपालको बिजुली बिक्रीबाट उल्लेख्य मात्रामा विदेशी मुद्रा आर्जन हुने अनुमान गर्न सकिन्छ। बङ्गलादेशले पनि नेपालको बिजुली लैजाने सहमति गरिसकेको छ। बिहीबारको सहमतिपछि त्रिपक्षीय साझेदारीका लागि पनि मार्गप्रशस्त भएको छ। नेपाल, भारत र बङ्गलादेशबीच उच्चस्तरीय कार्यदल निर्माण गरेर जाने विषयमा तीन वटै देश सहमत भइसकेका छन्। तत्कालका लागि भारतीय संरचनाको प्रयोग गरेर बङ्गलादेश बिजुली निर्यात गर्न सकिने भएको छ। त्यस्तै, उच्च क्षमताको प्रसारण लाइन निर्माणका विषयमा पनि छलफल जारी छ। त्यसले पनि छिट्टै सार्थकता पाउने छ।

दुई देशबीच भएको सम्झौताको अवधि २५ वर्षको छ। प्रत्येक १० वर्षमा स्वतः नवीकरण हुने व्यवस्था गरिएको छ। क्षेत्रीय व्यापारलाई अझै वृद्धि गर्दै, दुई मुलुकबीच विद्यमान, कार्यान्वयनमा रहेका र प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनलाई प्रयोग गरिने भएको छ।

हाल ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा छ। सो प्रसारण लाइनबाट हाल आठ सय मेगावाट बिजुली आयात निर्यात गर्न सकिन्छ। सो प्रसारण लाइनको क्षमता वृद्धि गरेर एक हजार मेगावाट बराबर बनाउने सम्बन्धमा सहमति भइसकेको छ। सन २०२५ को मेसम्ममा न्यू-बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य छ। सो प्रसारण लाइन निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ।

भारतीय कम्पनी सतलज विद्युत निगमले निर्माण गरिरहेको नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत आयोजनाको प्रसारण लाइनको क्षमता पनि नेपालले उपयोग गर्न पाउनेछ।

यसअघि नै प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनका रूपमा रहेका चार सय केभी क्षमताका दोदोधारा-बरेली र इनरुवा-पूर्णीया प्रसारण लाइन निर्माण हुनेछ। सन २०२८ सम्म ती प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य छ।

सरकारले सन २०३५ सम्म कूल २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने रणनीतिक कार्ययोजना तयार पारिसकेको छ। सो कार्ययोजनामा १३ हजार मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य राखको छ। सोही लक्ष्यअनुसार सरकारले निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्ने लक्ष्य लिएको मन्त्री बस्नेतको भनाइ छ।

प्राधिकरणले नौ हजार एक सय ६४ मेगावाट क्षमताका जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गरिसकेको छ। ऊर्जा मन्त्रालयका अनुसार हरेक वर्ष एक हजार मेगावाटको हाराहारीमा उत्पादन क्षमता थप हुनेछ।

प्राधिकरणलगायतका सरकारी निकायबाट ठूला जलाशययुक्त र अर्धजलाशययुक्त आयोजना अगाडि बढाइएको छ। त्यसमा बुढीगण्डकी, एक हजार दुई सय मेगावाट, चार सय १० मेगावाटको नलगाड, छ सय ३५ मेगावाटको दुधकोशी, एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुणलगायतका आयोजना छन्।

रणनीतिक महत्वको परियोजनाका रूपमा रहेको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको पनि अध्ययन शुरु भएको छ। कूल १० हजार आठ सय मेगावाट क्षमताको सो आयोजनाको अध्ययन आगामी तीन वर्षमा पूरा हुनेछ। विगत एक वर्षमा मात्र करिब दुई हजार एक सय ६९ मेगावाट बराबरको जलविद्युत आयोजनासँग विद्युत खरिद सम्झौता भएको छ। यी सबै आयोजना सम्पन्न गर्नेगरी नीतिगत, संरचनागत सुधार गर्ने सरकारको प्रष्टोक्ति छ।

सरकारले अगाडि सारेको सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि अन्तर सरकारी निकायबीच छलफल जारी छ। त्यसलाई छिट्टै निष्कर्षमा पुऱ्याएर कार्यान्वयनमा लगिने ऊर्जामन्त्री बस्नेतको भनाइ छ।

भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गरिरहेको नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाबाट पनि नेपालले झण्डै दुई सय मेगावाट बिजुली प्राप्त गर्छ। सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती, चार सय ५० मेगावाट क्षमताको सेती नदी- ६ आयोजनालाई पनि भारतीय कम्पनी एनएचपीसीले अगाडि बढाउँदैछ। यस आधारमा बिजुली उतपादनका हिसाबले आगामी दिनहरू नेपालका लागि थप स्वर्ण हुने अनुमान गर्न सकिन्छ।

ऊर्जा क्षेत्रका जानकारका अनुसार (हाल भारतलाई बिक्री गरिएको मूल्यलाई आधार मान्दा) प्रतियुनिट रु १० मा बिजुली बिक्री गर्ने हो भने झण्डै रु नौ खर्ब बराबरको निर्यात गर्न सकिन्छ। वार्षिक रूपमा १० हजार मेगावाट बराबरको बिजुली निर्यातका लागि नेपालको कूल उत्पादन २५ हजार मेगावाटभन्दा बढी हुनुपर्नेछ। सरकारले तय गरेको लक्ष्यअनुसार काम भए सन् २०३५ सम्म आवश्यक बिजुली उत्पादन हुनसक्छ।

"सरकारले योजनाबद्ध रूपमा नै सोच विचार गरेर नै लक्ष्य निर्धारण गरेको छ। अब हामीले यसमा दिनरात नभनेर काम गर्नैपर्छ। हामी सफल हुन्छौ", ऊर्जामन्त्री बस्नेतले भन्नुभयो। त्यसो त नेपाल र भारतबीच ऊर्जा व्यापार सम्झौता पनि भएको छ। दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) ग्रीड अवधारणामा पनि यसअघि नै सहमति जनाइएको छ।

नेपालले के कति बिजुली बिजुली उत्पादन गर्ने ? आन्तरिक रूपमा कति खपत गर्नेलगायतका विषयमा स्पष्ट दृष्टिकोण बनाएर

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

# बीस करोडका योजनामा नेपालको पनि निर्णय र साझेदारी रहन्छ : प्रधानमन्त्री

काठमाडौं, २० पुस (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारले राष्ट्रियहित प्रतिकूलका कुनै पनि सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलका क्रममा प्रधानमन्त्री दाहालले राष्ट्रिय हितअनुकूलका सम्झौता मात्रै सरकारले गर्ने बताउनुभयो ।

छलफलका क्रममा सांसदहरूले बिहीबार प्रधानमन्त्रीसँग भारतीय विदेशमन्त्री एस जयशङ्करको भेट र नेपालले गरेका सम्झौताबारे जिज्ञासा राखेपछि त्यसबारे स्पष्ट गर्दै प्रधानमन्त्री दाहालले उक्त कुरा बताउनुभएको हो ।

प्रधानमन्त्रीले भन्नुभयो, "हिजो भारतीय विदेशमन्त्रीसँग मेरो 'वान ट् वान' र नेपाली प्रतिनिधिमण्डलसहितको भेट भएको थियो, भेटमा मैले नेपालको राष्ट्रियहित र विद्युत् व्यापार सम्झौताबारे नै कुरा गरेको छु, विद्युत् व्यापार सम्झौता नेपालको राष्ट्रिय हितमा छ, नेपालले १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता भएको छ ।"

रु बीस करोडसम्मका परियोजनामा भारत एक्लैले निर्णय नगर्ने भन्दै प्रधानमन्त्री दाहालले यसमा नेपालको पनि निर्णय र साझेदारी रहने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "मुख्य कुरा जसले उत्पादन गरेको भए पनि १० वर्षमा १० हजार मेगावाट विद्युत् भारतले किन्ने सम्झौता भएको छ, अरू कुनै भ्रम राख्न जरूरी छैन, सम्झौताको कार्यान्वयन पनि नेपालको राष्ट्रिय हितअनुरूप नै हुन्छ ।"

भारतीय विदेशमन्त्रीले चिनियाँ प्रतिनिधिको नेपाल भ्रमणबारे चासो राखेका रहेछन् नी भन्ने सांसदहरूको प्रश्नलाई जवाफ दिँदै प्रधानमन्त्रीले भन्नुभयो, "त्यसबारे उहाँले 'वान टु वान' र संयुक्त भेटमा पनि एक शब्द उच्चारण गर्नुभएन, त्यो बाहिर आएको भ्रम र प्रचार मात्र हो, त्यसमा कुनै सत्यता छैन ।"

प्रधानमन्त्रीले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमा सकेसम्म सर्वसम्मतिमा जोड दिइएको उल्लेख गर्दै संवैधानिक नियुक्तिमा विगतमा देखिएका बेथिति र समस्या निवारण गर्न संशोधन विधेयक ल्याइएको बताउनुभयो ।

# कीर्तिपुरमा पनि उच्च प्रविधियुक्त पुस्तकालय

कीर्तिपुर, २० पुस (रासस) ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय देशकै पहिलो आरएफआइडी (रेडियो फ्रिक्वेन्सी आइडेन्टीफिकेसन सिस्टम) सुविधासहितको पुस्तकालय बनेको छ ।

परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र नेपाल भ्रमणमा रहनुभएका भारतीय विदेशमन्त्री एस जयशङ्करले शुक्रबार त्रिवि परिसरमा आयोजित एक कार्यक्रमकाबीच त्रिवि केन्द्रीय पुस्तकालयको नवनिर्मित भवनको संयुक्तरूपमा उद्घाटन गर्नुभएको हो । आरएफआइडी प्रणालीले पुस्तकको वितरण र पुनःप्राप्तिसम्बन्धी अभिलेख स्वचालितरूपमा राख्नेछ ।

कार्यक्रममा मन्त्रीद्वयले नवनिर्मित पुस्तकालय भवनसँगै भारत सरकारको भूकम्प पुनःनिर्माण सहायताअन्तर्गत देशका विभिन्न भागमा सम्पन्न २५ विद्यालय, ३२ स्वास्थ्यसंस्था तथा एक गुम्बाका नवनिर्मित भवनको भर्चुअल उद्घाटन गर्नुभयो ।

उद्घाटनपछि भारतीय विदेशमन्त्री जयशङ्करले त्रिवि पुस्तकालयको नयाँ भवनसँगै २०७२ सालको भूकम्पपश्चात् भारत सरकारको प्रतिबद्धताअनुरुपका ७५ वटै निर्माण परियोजना पूरा भएको बताउनुभयो । यसका साथै भारत सरकारले हालैको जाजरकोट भूकम्पपछि आवास पुनःनिर्माणमा रु एक अर्ब बराबरको सहयोग गर्ने उहाँले बताउनुभयो ।

नेपाल र भारतबीच 'कनेक्टीभिटी'का विभिन्न आयामलाई अघि बढाउने प्रयास भइरहेको उहाँले बताउनुभयो । यी सबैको उद्देश्य आमजनताको जीवनमा उल्लेखनीय परिवर्तन ल्याउनु रहेको उहाँको भनाइ थियो । पुस्तकालयसहित ऊर्जा र अन्य क्षेत्रमा दुई देशबीच भएका सहमतिले आफ्नो नेपाल भ्रमणलाई अभूतपूर्वरूपमा सफल बनाएको धारणा थियो ।

परराष्ट्रमन्त्री साउदले त्रिवि केन्द्रीय पुस्तकालयले नवनिर्मित भवन पाउँदा दुई देशको सम्बन्धलेसमेत कोशेढुङ्गाको पार गरेको धारणा राख्नुभयो । भारत सरकारले भूकम्पलगायतका अवस्थामा गरेको महत्वपूर्ण सहयोगले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ गराएको उहाँले बताउनुभयो । दुई देशबीचको आपसी सहयोग र सद्भावले आगामी दिनमा समेत थप उचाइ पाउने विश्वास मन्त्री साउदले व्यक्त गर्नुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका कार्यवाहक उपकुलपति प्राध्यापक डा शिवलाल भुसालले त्रिभुवन विश्वविद्यालयले आफ्नो स्थापनाकालदेखि नै भारतीय सहयोग पाउँदै आएको बताउनुभयो । त्रिवि केन्द्रीय पुस्तकालयको नयाँ भवनले यसलाई डिजिटल स्रोतसहित देशमा ज्ञानको सर्वाधिक ठूलो अत्याधुनिक खोज केन्द्र बनाएको धारणा थियो ।

त्रिवि केन्द्रीय पुस्तकालयका कार्यकारी निर्देशक सागरराज सुवेदीका अनुसार तीनतले नवनिर्मित पुस्तकालयलाई एकैसाथ दुई हजार विद्यार्थी प्रयोग गर्न सक्नेछन् । यहाँ अपाङ्गमैत्री शौचालय तथा लिफ्टलगायतका सुविधासमेत छन् । ठाउँको हिसाबले यो पुस्तकालय नेपालकै फराकिलो पुस्तकालयमा पर्ने जानकारी पुस्तकालय प्रमुख सुवेदीले दिनुभयो । उहाँले पुस्तकालय कूल सात हजार आठ सय वर्गफिट फराकिलो रहेको जानकारी दिनुभयो ।

विसं २०७७ मा थालिएको पुस्तकालय निर्माण कार्य हालै सकिएको हो । यहाँ भारतीय पुस्तकको छुट्टै कोठासमेत रहेको छ । यसबाहेक पुस्तकालयमा 'ई-रिसोर्सेज'मार्फत थप ज्ञान दिन ५० भन्दा बढी कम्प्युटर उपयोग गर्न दिइनेछ ।

***दश हजार मेगावाट...***

कार्यान्वयन गर्दै निर्यातलाई पनि प्राथमिकतामा राख्नुपर्ने दृष्टिकोण पनि यस क्षेत्रका जानकारहरूले सार्वजनिक गरेका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पनि बजार सुनिश्चित भएकाले अब व्यापक मात्रामा लगानी विस्तार गरेर उत्पादनमा लाग्नुपर्ने बताउनुभएको छ । उहाँले बिहीबार भएको सम्झौतामा समावेश १० हजार मेगावाट न्यूनतम सीमा भएको उल्लेख गर्नुभयो । प्रधानमन्त्री दाहालले बिहीबार नै दुई देशबीचको सम्झौतालाई विद्युत् व्यापारका दृष्टिले कोशेढुङ्गा हुने प्रष्ट पार्नुभएको छ ।

ऊर्जा क्षेत्रमा लगानी विस्तार, पूर्वाधार निर्माण तथा विदेशी लगानी भित्र्याउने सवालमा राजनीतिक दलबीच पनि मतैक्य भएकाले एकाध वर्षभित्र नेपालले ऊर्जा क्षेत्रबाटै समृद्धि हासिल गर्न सक्छ ।

सङ्घीय संसदमा विधेयक विचाराधिन अवस्थामा छ । त्यसलाई शीघ्र पारित गरेर निजी क्षेत्रलाई पनि बिजुली व्यापारको अनुमति दिने सरकारको तयारी छ । यस्तै, प्रसारण लाइन निर्माणमा पनि निजी क्षेत्रलाई सहभागी गराउने सरकारको तयारी छ । पछिल्लो पुस्ताको ऊर्जाका स्रोतका रूपमा परिचित ग्रीन हाइड्रोजनलाई पनि प्राथमिकतामा राखिएको छ । जलविद्युत् आयोजनाबाटै ग्रीन हाइड्रोजन उत्पादन गर्न सकिने प्रशस्त सम्भावना छ । सरकारले त्यसका लागि नीतिगत प्रबन्ध गर्ने कामलाई अन्तिम चरणमा पुऱ्याएको छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरुद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विश्व समाचार

### जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या ९२ पुग्यो, २ सय ४२ बेपत्ता

टोकियो, २० पुस (रासस/सिन्ह्वा) ।

जापानको इशिकावामा ७.६ म्याग्निच्युडको भूकम्प गएको चौथो दिनसम्ममा मृत्यु हुनेको सङ्ख्या ९२ पुगेको छ । यस क्षेत्रमा उद्धार तथा खोजी कार्यहरू तीव्र रूपमा भइरहेको छ क्षतिको तथ्याङक भने बढ्दै गएको देखिन्छ । स्थानीय समय अनुसार शुक्रबार बिहान ९ बजेसम्म इशिकावामा २४२ जना बेपत्ता भएको जापानी समाचार संस्था, क्योदोले क्षेत्रीय अधिकारीहरूलाई उद्धृत गर्दै जानकारी दिएको छ ।

भूकम्पपछि सबैभन्दा प्रभावित तटीय सहर वाजिमामा अझै पनि ४० भन्दा बढी मानिसहरु भग्नावशेसमा फसेका छन् । जापानको सेल्फ डिफेन्स फोर्सका अनुसार, प्रहरी र दमकल विभागका चार हजार ६०० कर्मचारीहरु मिलेर बेपत्ताहरूको खोजी तथा सुरक्षाको पुष्टि गर्ने प्रयासहरू गरिरहेका छन् ।

क्योदोका अनुसार जापानको भू-स्थानिक सूचना प्राधिकरणलाई उद्धृत गर्दै वाजिमा सहरको केन्द्रमा भुइँचालोका क्रममा आगलागी भएपछि करिब ४८ हजार वर्गमिटर क्षेत्रफल नष्ट भएको छ । क्षतिग्रस्त क्षेत्रका १० भन्दा बढी स्थानमा पहिरोले सडक अवरुद्ध भएकाले अत्यावश्यक सामग्रीको पुऱ्याउन चुनौती थपिएको छ । यसैबीच, ७०० भन्दा बढी व्यक्तिहरू भूकम्प प्रभावित वाजिमाका वरपरका विभिन्न स्थानमा फसेका छन् ।

भूकम्पले यस क्षेत्रको पूर्वाधारमा गम्भीर असर परेको छ । लगभग तीस हजार घरधुरीले बिद्युत अवरूद्धताको सामना गरिरहेका छन् । करिब १३ सहरका ८० हजार घरधुरीललाई खानेपानी आपूर्तिमा समस्या भएको छ ।

इशिकावामा करिब ३७० तिन निकासी केन्द्रहरूमा करिब ३३ हजार मानिसहरू बसेका छन् । शौचालयलगायतका सरसफाइसम्बन्धी विषयमा पनि चिन्ताजनक अवस्था देखा परेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । सोमबार इशिकावाको नोटो क्षेत्रमा ७.६ म्याग्निच्युडको भूकम्प गएको थियो । जापान मौसम विज्ञान अनुसनधानसम्बन्धी निकायले भूकम्पलाई नोटो प्रायद्वीप भूकम्प २०२४ नामाकरण गरेको छ ।

### सोमालियामा १५ जना भारतीय सवार कार्गो जहाज अपहरित, भारतीय नौसेनाद्वारा कडा निगरानी

नयाँदिल्ली, २० पुस (रासस/एएफपी) ।

सोमालियाको तटीय क्षेत्रमा बिहीबार राति १५ चालक दलका सदस्यसहित 'एमभी लिला नोर्फोक' नामक मालवाहक जहाज अपहरणमा परेको भारतीय नौसेनाले जनाएको छ ।

नौसेनाले घटनालाई नजिकबाट नियालिरहेको र त्यसतर्फ युद्धपोत पठाएको सैन्य अधिकारीले शुक्रबार बताएका छन् । सोमालियाको तटीय क्षेत्रमा बिहीबार साँझ जहाज अपहरण भएको सूचना प्राप्त भएको सैनिक अधिकारीले पुष्टि गरेका छन् ।

भारतीय नौसेनाको विमानले जहाजमा निगरानी राख्दै आएको छ । भारतीय नौसेनाको युद्धपोत आईएनएस चेन्नई स्थितिको सामना गर्न अपहरण गरिएको जहाजतर्फ अघि बढिरहेको अधिकारीले बताएका छन् ।

### सन् २०२४ को विश्व आर्थिक वृद्धि सुस्त रहने : संयुक्त राष्ट्रसंघीय प्रतिवेदन

संयुक्त राष्ट्रसङ्घ, २० पुस (रासस/सिन्ह्वा) ।

सन् २०२४ मा आर्थिक बृद्धि घटेर २.४ प्रतिशत कायम रहने संयुक्त राष्ट्रसङ्घको अवस्था र सम्भावना २०२४ नामक प्रतिवेदनले बिहीबार सार्वजनिक गरेको छ । सन् २०२३ मा विश्व आर्थिक बृद्धि २.७ प्रतिशत रहेका थियो ।

विश्वव्यापी कमजोर व्यापारीक क्रियाकलाप, उच्च सार्वजनिक ऋण, लगातार घट्दो लगानी दर तथा बढ्दो भूराजनीतिक तनावले विश्वव्यापी वृद्धिलाई जोखिममा पारेको प्रतिवेदनले जनाएको छ ।संयुक्त राज्य अमेरिकामा उच्च ब्याज दर न्युन उपभोक्ता खर्च तथा कमजोर श्रम बजारहरूका कारण सन् २०२४ मा आर्थिक वृद्धि सुस्त हुने अनुमान गरिएको छ ।

विकासोन्मुख देशहरू पूर्वी एसिया, पश्चिमी एसिया, ल्याटिन अमेरिका तथा क्यारिबियनका अल्पकालीन वृद्धि सम्भावनाहरू सङ्कुचित र चुनौतीपूर्ण वित्तीय अवस्था र सुस्त बाह्य मागका कारण कमजोर हुँदै गएका छन् ।

न्यून आय तथा कमजोर अर्थतन्त्रहरूले भुक्तानी सन्तुलनको दबाब र ऋणले जोखिमको सामना गरिरहेका छन् । साना, टापु तथा विकासशील राज्यहरूको आर्थिक सम्भावनामा ऋणको बोझ, उच्च ब्याजदर तथा बढ्दो जलवायु जोखिमले बाधा पर्ने रिपोर्टले जनाएको छ ।

# नेवि संघद्वारा सरकारविरूद्ध मार्चपास



दैनिक समाचारदाता
राजविराज, २० पुस ।

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघ केन्द्रिय समितिको आह्वानमा सरकारविरूद्ध मार्चपास गरेको छ । पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको राज्य आतंकविरूद्ध भन्दै नेवि संघले शुक्रबार मार्चपास गरेको हो ।

नेविसंघ केन्द्रीय सदस्य भुवन भट्टले भ्रष्टाचारीलाई सरकारले संरक्षण गरेकोले मार्चपास गरिएको बताए । 'सुन, एनसेलगायत भ्रष्टाचार प्रकरणमा जोडिएकालाई कारवाही नगरी आफूनिकट मान्छेको नाम आउँदा सरकार मौन बसेकोले खबरदारी गरेका हौं,' उनले भने, 'रोजगारी मागेका युवालाई बालकुमारीमा गोली हान्ने काम गरेकोले पनि हामीले प्रधानमन्त्रीको राजीनामा मागेका हौं ।'

उनीहरूले सत्तास्वार्थमा प्रचण्ड सरकार लिप्त भएको आरोपसमेत लगाएका छन् । कांग्रेसको संस्थापनइतर समूहनिकट नेविसंघले सरकारविरूद्ध मार्चपास गरेका हुन् ।

# त्रिविमा उपकुलपति नियुक्तिका लागि दरखास्त आह्वान

काठमाडौं, २० पुस (रासस) ।

त्रिभुवन विश्वविद्यालयमा पहिलो पटक खुला प्रतिस्पर्धाबाट उपकुलपति पद छनोट हुने भएको छ । उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले खुला प्रतिस्पर्धाका लागि शुक्रबार आवेदन माग गरेको छ ।

त्रिविका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वविद्यालयमा हुने राजनीतिक नियुक्तिको अन्त्य गर्दै गुणका आधारमा उपकुलपति छनोट गर्ने घोषणा गर्नुभएको थियो । प्रधानमन्त्रीको घोषणा कार्यान्वयन गर्दै सिफारिस समितिले योग्यता र अनुभवका आधारमा उपकुलपति चयन गर्ने प्रक्रिया आरम्भ गरेको हो ।

शुक्रबार प्रकाशित सूचनाअनुसार यसका लागि स्नातकोत्तर र विद्यावारिधि तहको शैक्षिक योग्यता भई विश्वविद्यालयको पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको हुनुपर्ने उल्लेख छ । आवेदकले विश्वविद्यालय सुधारका लागि सोचपत्र तथा चारवर्षे व्यावसायिक कार्ययोजनासमेत प्रस्तुत गर्नुपर्ने छ ।

प्रधानमन्त्री दाहालले शैक्षिक गुणस्तर सुधारका लागि वार्षिक 'क्यालेण्डर'लाई कडाइका साथ लागू गर्नुपर्ने तथा विश्वविद्यालयको प्राज्ञिक वातावरण निर्माण गर्न सबै विश्वविद्यालयलाई तत्काल कार्ययोजना पेस गर्नसमेत निर्देशन दिइसक्नुभएको छ ।

# युवा संघद्वारा भारत सरकारले २० करोड दिन सक्ने गरी भएको सम्झौताको विरोध

दैनिक समाचारदाता
काठमाडौं, २० पुस ।

युवा संघ नेपालले नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय 'उच्च प्रभावयुक्त सामुदायिक विकास योजना' कार्यक्रम अन्तर्गत सोझै भारत सरकारले २० करोड दिन सक्ने गरी भएको सम्झौताको विरोध गरेको छ ।

युवा संघ नेपालका संयोजक कृष्णकुमार विश्वकर्माले शुक्रवार विज्ञप्ति जारी गर्दै स्वाभिमानी, देशभक्त र स्वाधीन नागरिकहरूले उक्त सम्झौता स्वीकार गर्न नसक्ने जनाएका छन् ।

'भूगोल, जनसङ्ख्या र सामर्थ्यमा सानो हौंला तर स्वाधीनताको सवालमा हामी सधैं स्वतन्त्र थियौं र रहन चाहन्छौं । तसर्थ उक्त सहयोगको नाममा हाम्रो आन्तरिक मामिलामा माथिको यो किसिमको हस्तक्षेप अस्वीकार्य त छँदै छ के कारणले यो सरकार यस्तो सम्झौता गर्न बाध्य भयो जनता सामु छर्लङ्ग पार्न आग्रह गर्दछौं', विज्ञप्तिमा भनिएको छ ।

उक्त सम्झौतालाई राष्ट्रघाती भन्दै युवा संघले अविलम्व रद्द गरी जनतासामु आत्म आलोचित बन्न नेपाल सरकारलाई सुझाव दिएको छ । 'अन्यथा स्वाभिमान र स्वाधीनता को पक्षमा उठ्ने राष्ट्रभक्ति आन्दोलनको युवासंघ नेपालले अगुवाइ गरी सडक बाटै सम्झौता बर्खास्त गराउने चेतावनी दिन चाहन्छौं', युवा संघको चेतावनी छ ।

### *अस्पताल संचालनको ...*

नियन्त्रणका लागि प्रहरीले दर्जनौं सेल अश्रुग्यास र हवाई फायर गरेको थियो । स्तरोन्नती गरी ५० शैया बनाइएको अस्पताल प्रदेश सरकारलाई हस्तान्तरण गर्ने नगर्ने विषयमा चर्को विवाद हुँदै आएको छ ।

यसैबीच जिल्ला प्रशासन कार्यालय सर्लाहीले एक सूचना प्रकाशन गरि विवाद भएको क्षेत्रमा कफ्र्यु आदेश जारि गरेको छ ।


सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ्ग हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको ब्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौ । तसर्थ कानका रोगीहरुले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ ।





शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

अनुरोधकर्ता
तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ विपरित भएको विवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

अनुरोधकर्ता
खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*